# तारकेश्वर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**धर्मस्थली, काठमाडौँ, बागमती प्रदेश, नेपाल**

## आ.व. २०७९/०८० का लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल र माटोको बिक्री शुल्क सङ्कलनको ठेक्का सम्बन्धी इलोक्ट्रोनिक्स बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०४/२५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) को ६ मा व्यवस्था भए बमोजिम यस तारकेश्वर नगरपालिका क्षेत्रबाट आ.व. २०७९/०८० का लागि देहाय बमोजिमको आन्तरिक आय सङ्कलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७९ मा तोकिएको दररेटमा यस नगरपालिका क्षेत्रभित्रबाट सङ्कलन भई आन्तरिक खपत वा अन्यत्र निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल र माटो लिई गुड्ने सवारी साधनसँग नगरपालिकाबाट तोकिएको सर्तहरूको अधीनमा रही बिक्री शुल्क सङ्कलन गर्नका लागि ठेक्का लिन इच्छुक (मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाणपत्र भएका) फर्म कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी यस नगरपालिका क्षेत्र भित्रका लागि बोलपत्र पेस गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| कर तथा दस्तुर सङ्कलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| तारकेश्वर न.पा. क्षेत्रभित्र | रु. २,७१,८६,६५७।५८ (अक्षरेपी रु. दुई करोड एकहत्तर लाख छयासी हजार छ सय सन्ताउन्न रुपैयाँ अन्ठाउन्न पैसा मात्र) | रु.५,०००।०० | |

**सर्तहरू :**

१. बोलपत्र खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाणपत्र, फर्मको हकमा अद्यावधिक फर्म नवीकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै स्वघोषणा पत्र र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सो सूचना प्रकाशित भएको मितिले ३० औँ दिनको कार्यालय समयभित्र www.bolpatra.gov.np. बाट Bid Document Download गरी E-Bidding मार्फत मात्र गर्नुपर्नेछ।

२. E-Bidding मार्फत प्राप्त भएका सबै बोलपत्र फारामहरू प्रमाणित गरी फर्म/कम्पनीको छाप लगाएर रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१औँ दिनको १२:०० बजेभित्र E-Submission गर्नुपर्नेछ। यसरी अपलोड गर्दा बोलपत्र फाराम पेस गरेको निवेदन पाना एक र ठेक अङ्क कबोल गरेको पाना एक गरी जम्मा दुई पाना अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। यी दुई वटा कागजात तोकिएको समयसीमा र रीतपूर्वक अपलोड/पेस नगरेमा उक्त बोलपत्रलाई वैध मानिनेछैन। Submit बोलपत्रहरू सोही दिनको ०२:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र कार्यालय प्रतिनधिहरूको रोहबरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। Bid Response गर्दा बुँदा नं. १ र २ मा उल्लेख भएका कागजात, बोलपत्र दस्तुर Bid Responce Document PDF Format मा Submission गर्नुपर्नेछ।

३. बोलपत्र फारामको दस्तुर रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंकमा रहेको खातावालाको नाम ग – ११ आन्तरिक राजस्व खाता तारकेश्वर नगरपालिका, खाता नं. ०१७२०५००२९४४६००२ मा रकम जम्मा गरेको स्क्यानिङ कपी (भौचर) पेस गर्नुपर्नेछ।

४. बोलपत्र पेस गर्दा आफूले कबोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंकमा रहेको खाता नं. १७ सी ए ५०१५०९५२४००६ मा रकम जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bank Bid Bond) अनिवार्य रूपले बोलपत्र साथ पेस गर्नुपर्नेछ।

५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नुपर्नेछ, अङ्क र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. ठेकेदारले सम्झौतामा तोकिएको विषयक्षेत्र तोकिएको दररेटमा मात्र शुल्क असुल गर्न पाउनेछ। सङ्कलन तथा बिक्री शुल्कको दररेट तपसिल बमोजिम रहेको छ। **तपसिल**

| सि.नं. | विवरण | एकाइ | दर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | माटो | प्रति घनफिट | रु. ३।५० |
| २. | ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा | प्रति घनफिट | रु. ९।०० |

७. ठेकेदार र कार्यालयबीच ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सोको समाधान गर्न तारकेश्वर नगरकार्यपालकाले निर्णय गरे बमोजिम हुनेछ।

८. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्नेछैन। नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आय कर, मूल्य अभिवृद्धि कर तथा शुल्कहरू प्रस्तावक स्वयंले तिर्नुपर्नेछ। कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ।

९. रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, माटो लगायतको तोकिएको निकासीजन्य वस्तुहरू स्वीकृत क्षेत्रबाट मात्र व्यक्तिगत, सार्वजनिक, पर्ती जग्गा तथा वन क्षेत्रमा क्षति हुने गरी निकाल्न पाइने छैन।

१०. जिल्ला अनुगमन समिति तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरूले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

११. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरूको हकमा तोकिएको मापदण्डमा रही मात्र नदीजन्य सामग्रीहरू उत्खनन गर्नुपर्नेछ, साथै IEE प्रतिवेदनमा स्वीकृत भएको हकमा IEE प्रतिवेदनमा नै भएको सामग्रीहरूको प्रयोग गरी नदीजन्य सामग्रीहरू उत्खनन गर्न बाधा पर्नेछैन। कार्यालयबाट IEE को प्रतिवेदन प्राप्त गर्न सकिनेछ।

१२. पानीले पखालेको चिसो बालुवा पानी चुहाउँदै सडकमा ढुवानी गर्न गराउन पाइनेछैन, साथै ढुङ्गा, गिट्टी, बालुवा लैजादा छोपेर मात्र ढुवानी गर्नु गराउनुपर्नेछ।

१३. कुल कबोल अङ्कलाई दुई किस्ता कायम गरिनेछ। पहिलो किस्ता बापत कुल कबोल अङ्कको ५० प्रतिशतले हुने रकम सम्झौता हुनुअगावै बुझाउनुपर्ने छ र बाँकी ५० प्रतिशत रकम २०७९ पौष मसान्तभित्र बुझाउनु पर्नेछ। कुल कबोल अङ्कको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रीम बुझाएमा नगरकार्यपालिकाको निर्णयले कबोल अङ्कको बढीमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ।

१४. प्रथम किस्ता बुझाएपछि हुन आउने बाँकी रकमको २०८० साउन मसान्तसम्म म्याद भएको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त '**क**' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेन्टी (परफरमेन्स बन्ड) पेस गर्नुपर्नेछ।

१५. आ.व. २०७९/०८० का लागि कर सङ्कलन म्याद सम्झौता गरे मितिदेखि २०८० जेठ मसान्तसम्म हुनेछ।

१६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात् काबु बाहिरको परिस्थिति बाहेक कुनै किसिमको छुट, मिनाहा वा माफी दिइनेछैन।

१७. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात निर्धारित समयभित्र कार्यालयमा सम्झौता गरिसक्नुपर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ।

१८. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

१९. विशेष अवस्थामा सूचनामा उल्लेखित सर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

२०. यसमा उल्लेख नभएका अन्य कुराहरू नेपाल सरकार बाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन समेत) मापदण्ड, २०७७, बागमती प्रदेश सरकार हेटौंडाबाट जारी गरेको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि २०७५ र प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**